**निर्णय नं. १ :-**

पु.व.न.पा. वडा नं. १ र १४ जोड्ने मालेवगर स्थित आँधीखोलाको पक्की सडक पुलको तल माथिको भूभागमा वर्षातको बाढीबाट थुप्रिएर रहेको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) ले आँधीखोलाको धार परिवर्तन गर्न सक्ने जोखिम सृजना भई प्राविधिक निरीक्षण गराई प्राविधिक प्रतिवेदन तयार पारी प्रतिवेदनमा उल्लेखित परिमाणको नदीजन्य पदार्थहरु उत्खनन्, संकलन तथा विक्री वितरण कार्य गर्न पाउने अनुमतिका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गरिएकोमा मिति २०८०/११/२२ गते निर्णय भई अनुमति तथा सहमति प्राप्त हुन आएको हुँदा IEE (प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कन) गराई वातावरणिय प्रभाव तथा असर प्रतिकुल नहुने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् विक्री र व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ३ तथा ४ तथा प्रचलित कानून वमोजिम बढीबढाउ ठेक्का मार्फत उत्खनन्, संकलन तथा विक्रि वितरण गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २ :-**

कृषिमा यान्त्रिकिकरण कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ मा विनियोजित बजेट हाते ट्याक्टर (मिनिटेलर) खरिद तथा व्यवस्थापन प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ तथा नियमावली २०६४ को नियम ३१ वमोजिम बोलपत्र प्रक्रिया मार्फत अगाडि बढाउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

पुतलीबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतल सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०८० फाल्गुण मसान्तमा समाप्त भएको र निजहरुको कार्यसम्पादन सन्तोषजनक देखिएको र सेवा कार्य आवश्यक रहेको हुँदा २०८१ आषाढ मसान्त सम्मको लागि म्याद थप गर्ने साथै यस पूर्व म्याद थप हुँदा छुट हुन गएको कार्यालय सहयोगी सुमन गुरुङ्गको २०८० माघ १ देखि २०८१ आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**तपसिल :**

| क्र.सं | कार्यरतकार्यालय | पद | नाम/थर | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्याङ्जा शहरी स्वास्थ्य केन्द्र (वडा नं. १) | कार्यालय सहयोगी | पेमा सापकोटा रेग्मी | पुतलीबजारन.पा.-०१ | |
| २ | नागडाँडा आधारभुत स्वास्थ्य केन्द्र, पु.ब.न.पा. ४ | कार्यालय सहयोगी | पवित्रा पौडेल | पुतलीबजार न.पा.-०४ | |
| ३ | निर्विरे आधारभूत स्वास्थ्य केन्द्र | कार्यालय सहयोगी | असिफा बानु | पुतलीबजार न.पा.-०३ | |
| ४ | राङखोला आधारभूत स्वास्थ्य केन्द्र | कार्यालय सहयोगी | पवित्रा कुमारी थापा | पुतलीबजार न.पा.-१० | |
| ५ | ८ नं. वडा कार्यालय | कार्यालय सहयोगी | सञ्जीता शाही | पुतलीबजार न.पा.-०८ | |
| ६ | नगर कार्यपालिकाको कार्यालय | कार्यालय सहयोगी | भुपेन्द्र थापा | पुतलीबजार न.पा.-१० | |
| ७ | कोल्मा स्वास्थ्य चौकी, पु.ब.न.पा. ९ | कार्यालय सहयोगी | मंगल थापा | वालिङ गा.पा.-०४ | |
| ८ | आधारभूत स्वास्थ्य केन्द्र नौबिसे, पु.ब.न.पा. ७ | कार्यालय सहयोगी | ईश्वरी पौडेल | पुतलीबजार न.पा.-०७ | |
| ९ | ६ नं. वडा कार्यालय | कार्यालय सहयोगी | पुजा गुरुङ | पुतलीबजार न.पा.-०६ | |
| १० | हुनिकोट आधारभूत स्वास्थ्य केन्द्र, पु.ब.न.पा. २ | कार्यालय सहयोगी | सन्जु रोका थापा | पुतलीबजार न.पा.-१३ | |
| ११ | नगर कार्यपालिकाको कार्यालय | कार्यालय सहयोगी | दिल कुमारी गौतम पौडेल | पुतलीबजार न.पा.-१४ | |
| १२ | चण्डीकालिका स्वास्थ्य चौकी (वडा नं. १४) | कार्यालय सहयोगी | सुमन गुरुङ | पुतलीबजार न.पा.-१४ | |
| १३ | वडानं. ११ र १२ | सब-इन्जिनियर | सुवास शर्मा | पुतलीबजारन.पा.-०३ | |
| १४ | वडा नं. ५ | सब-इन्जिनियर | चन्द्र बहादुर भुजेल | पुतलीबजारन.पा.-०७ | |
| १५ | वडा नं. ३ र४ | सब-इन्जिनियर | सुशान्त थापा | पुतलीबजारन.पा.-०१ | |
| १६ | वडा नं. २ र९ | सब-इन्जिनियर | युवराज पोखेल | पुतलीबजारन.पा.-०४ | |
| १७ | वडा नं. ७ र८ | सब-इन्जिनियर | कोसिस भुजेल | आँधीखोलागा.पा.-०२ | |
| १८ | बहाकोटस्वास्थ्य चौकी | हेल्थअसिस्टेन्ट | सुबास रेग्मी | पुतलीबजारन.पा.-०७ | |
| १९ | हिरापाटासहरी स्वास्थ्य केन्द्र | हेल्थअसिस्टेन्ट | खगेन्द्रचापागाई | गल्याङन.पा.-०६ | |

तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| २० | ठुलाडिहीस्वास्थ्य चौकी | हेल्थअसिस्टेन्ट | चेतन ठकुल्ला | साँफेबगर ०१ | |
| २१ | कोल्मास्वास्थ्य चौकी | हेल्थ असिस्टेन्ट | प्रदीप ढकाल | चापाकोटन.पा.-०७ | |
| २२ | करेण्डाँडास्वास्थ्य चौकी | हेल्थ असिस्टेन्ट | मनोज प्रसाद पौडेल | फेदीखालागा.पा.-०४ | |
| २३ | चण्डीकालिका स्वास्थ्य चौकी | हेल्थ असिस्टेन्ट | सन्ध्या लामिछाने | आँधीखोलागा.पा.-०५ | |
| २४ | सातुपसलस्वास्थ्य चौकी | हेल्थ असिस्टेन्ट | रविन आचार्य | चापाकोटन.पा.-०९ | |
| २५ | निर्विरेआधारभूत स्वास्थ्य केन्द्र | अ.हे.व. | सुनिता शर्मा (दोरङ्गा) | पुतलीबजारन.पा.-०३ | |
| २६ | बहाकोटस्वास्थ्य चौकी | अ.हे.व. | सुस्मिताक्षेत्री थापा | पुतलीबजारन.पा.-१४ | |
| २७ | पौवैगौडेस्वास्थ्य चौकी | अ.हे.व. | अरुणा गाहा | पुतलीबजारन.पा.-११ | |
| २८ | चण्डीकालिकास्वास्थ्य चौकी | अ.हे.व. | सोनीका श्रेष्ठ | पुतलीबजारन.पा.-१३ | |
| २९ | नौबिसेआधारभूत स्वा.केन्द्र | अ.हे.व. | अन्जना पौडेल | आँधीखोलागा.पा.-०२ | |
| ३० | सातुपसलस्वास्थ्य चौकी | ल्याबअसिस्टेन्ट | सृष्टी राना | पुतलीबजारन.पा.-१३ | |

**निर्णय नं. ४ :-**

पुतलीबजार नगरपालिका अन्तर्गत टेम्पो अटोरिक्सा व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि २०७५ वमोजिम यस पुर्व प्रदान गरिएको अटोरिक्साहरुको रुट ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी रुट इजाजत समितिको तथा कार्यालयको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :-**

यस नगरपालिका अन्तर्गत सामाजिक विकास समितिका संयोजक मार्फत पेश हुन आएको युवा मैत्री स्थानीय तह घोषणाको प्रारम्भिक कार्ययोजना देहाय वमोजिम स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

**देहाय :-**

- कार्यपालिका स्तरीय अभिमुखीकरण मिति २०८०/१२/2 गते भित्र,
- वडामा युवा क्लव गठन २०८०/१२/३० भित्र,
- नगर युवा सञ्जाल गठन २०८१/०१/१५ भित्र,
- वडा क्लव र नगर सञ्जालको गठन २०८१/०१/३० भित्र,
- सवै सरोकारवालालाई अभिमुखिकरण २०८१/०२/३० भित्र।

**निर्णय नं. ६ :-**

पुतलीबजार नगरपालिका ३ निवासी मुहम्मद बक्स मियाको नाउँमा सन्चालनमा रहेको ईन्द्रेस कृषि तथा पशुपंक्षी फर्मको १५० वटा कागती बगैचाको बेर्ना र शो मा सिंचाई गर्ने पाइप मिति २०८०/११/२२ मा भएको आगलागिबाट नष्ट भएको भनि प्रहरी मुचुल्का र वडा कार्यालयको सिफारिस सहित राहत उपलव्धताको लागि पेश हुन आएको सिफारिस वमोजिम निजलाई रु. २० हजार आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७ :-**

पुतलीबजार नगरपालिका अन्तरगत वडा नं १४ स्थित लामिछाने टोल जोड्ने सडकको लागि रु ५ लाख बजेट विनियोजन भएको र उक्त बजेट सुत्र प्रणालीमा प्रविष्ट गर्ने क्रम तथा प्रक्रियामा छुट हुन गएकोले मर्मत संभार कोष शिर्षकबाट भुक्तानी दिने गरि बजेट व्यवस्थापन गर्ने।

**निर्णय नं. ८ :-**

जन प्रतिनिधि तथा कर्मचारीहरुको दुई दिवसीय क्षमता विकास कार्यक्रमको लागि पेश हुन आएको रु. ३ लाख रकमको आर्थिक प्रस्तावना स्वीकृत गर्ने र कार्यक्रम सम्पन्न प्रतिवेदन अनुसार सम्झौता वमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो साथै स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा यस पुर्व पेश गरिएको प्रस्तावना बमोजिम संयुक्त साझेदारीतामा २ दिने क्षमता विकास तथा तालिम संचालन गर्ने सहमती एवै स्विकृति प्राप्त भए बमोजिम आ.व.२०८०/०८१ को जनप्रतिनिधि/कर्मचारी क्षमता विकास शिर्षकमा विनियोजित रकमबाट नपुग हुने रकम उपलब्ध गराउने गरि कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं ९ :-**

पुतलीबजार नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता(वास) योजना तयार गर्नको निम्ति खानेपानी तथा ढल व्यस्थापन विभाग (संघीय खानेपानी मन्त्रालय तर्फबाट), उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश र पुतलीबजार नगरपालिका बीच तथ्याङ्क आदान प्रदान र सूचना व्यवस्थापन प्रणाली NWASH/HMIS मा प्रविष्ट गर्न समझदारी भएको र NWASH तथ्याङ्क संकलन, प्रमाणीकरण र कार्यान्वयको मुख्य दायित्व पुतलीबजार नगरपालिकाको रहेको हुँदा संघीय सरकारको NWASH मोबाइल एप्लिकेसनको प्रयोग गरी वास सम्बन्धी एकीकृत तथ्याङ्क संकलन गर्ने प्रयोजनको लागि सेवा करारमा गणक आवश्यकता परी दरखास्त आव्हान गरिएकोमा ३ जनाको मात्र दरखास्त पेश भई पदपूर्तीबाट ३ जना संग सेवा करार सम्झौता एवं नियुक्ति गर्नका लागि सिफारिस भइ आए बमोजीम समर्थन गर्ने निर्णय गरियो साथै निजहरुलाई मासिक रु २५,०००/- (अक्षेरुपी पच्चीस हजार) पारिश्रमिक प्रदान गर्ने गरि १० वटा वडा कार्यसम्पादन गर्न फिल्ड तथा कार्यक्षेत्रमा खटाउने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं | पद | नाम/थर | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | गणक | मन्दिरा श्रेष्ठ | पुतलीबजारन.पा.-०१ | |
| २ | गणक | प्रियंका खड्का | पुतलीबजार न.पा.-०३ | |
| ३ | गणक | गीता सुनार | पुतलीबजार न.पा.-०३ | |

**निर्णय नं १० :-**

नगरपालिका समक्ष पेश हुन आएको देहाय बमोजिमका योजना तथा कार्यक्रम संचालनको लागि पेश हुन आएका माग तथा निवेदनमा देहाय बमोजिम रकम विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | ठेगाना | विनियोजित बजेट | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | असिमरे सिहाले सिचाइ कुलो निर्माण सुधार | पु. ब. न. पा. ३ | रु १०००००/- | मर्मत संभार कोष खर्च | |
| २ | मस्जिद मुनारा निर्माण | पु. ब. न. पा. १० | रु १२५०००/- | मर्मत संभार कोष खर्च | |
| ३ | चण्डी शिद्ध बराह भैरव मन्दिर | पु. ब. न. पा. ७ | रु ५००००/- | सार्वजनिक शौचालय निर्माण | |

**निर्णय नं ११ :-**

आ.व.२०८०/०८१ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस पालिकाको रोजगार सेवा केन्द्र सुदृढिकरण कार्यक्रम(मेशीनरी उपकरण) अन्तरगतको बजेटबाट सवारी साधन (स्कुटर) थान १ खरिद तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ :-**

गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय पोखराको मिति २०८०/१२/०१ च.नं ६०१ को पत्र बमोजिम यस नगरपालिकामा विशेष र समपुरक अनुदान अन्तरगत देहाय बमोजिम आयोजना तथा कार्यक्रमलाई प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**विशेष अनुदान तर्फ :-**

| क्र.सं | आयोजनाको नाम | ठेगाना | कार्यक्रम शिर्षक |
|---|---|---|---|
| १ | फोहोर मैला व्यवस्थापन | पुतलीबजार नगरपालिका | विशेष अनुदान |
| २ | बहाकोट स्वास्थ्य चौकी भवन निर्माण | पुतलीबजार नगरपालिका ८ बहाकोट | विशेष अनुदान |
| ३ | बधस्थल निर्माण | पुतलीबजार नगरपालिका | विशेष अनुदान |

**समपुरक अनुदान तर्फ :-**

| क्र.सं | आयोजनाको नाम | ठेगाना | कार्यक्रम शिर्षक |
|---|---|---|---|
| १ | बाडखोला नयाँबजार तनहुँ सडकको चम्फापानी खण्ड सडक निर्माण सुधार । | पुतलीबजार नगरपालिका ३ | समपुरक अनुदान |
| २ | विर्ता, हिरापाटा, जामुने हुँदै नुहार भञ्ज्याङ अर्जुनचौपारी जोड्ने सडक | पुतलीबजार नगरपालिका १३ | समपुरक अनुदान |
| ३ | जाडखोला, पेल्काचौर, सिम्ले सडक निर्माण सुधार | पुतलीबजार नगरपालिका ११ र १२ | समपुरक अनुदान |

तुलसी राम रेग्मी
नगर प्रमुख

**निर्णय नं. १३ :-**

यस नगरपालिकाको आर्थिक वर्ष ०८०/०८१ को सहकारी क्षेत्र तर्फको उल्लेखित शिर्षकगत बजेटलाई देहाय वमोजिम विनियोजन गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

- सहकारी आधारशिला साझेदारी कार्यक्रम सन्चालन १ लाख,
- आवश्यकतामा आधारित सहकारी सेचतना दक्षता÷क्षमता अभिबृद्धि तालिम २ लाख,
- दैवी नमूना छनौट विधिद्धारा छनौटमा परेका सहकारी संस्थाको अनुगमन तथा निरीक्षण रु. १ लाख,
- दैवी छनौट तथा निरीक्षण एवं प्रोत्साहन तथा पुरस्कार कार्यक्रम तर्जुमा तथा कार्यान्वयन रु. १ लाख,

**देहाय :-**

- सवै सहकारी संस्थाहरुको प्रबन्धक र सञ्चालक समितिका अध्यक्षहरुलाई ६७औं सहकारी दिवसको अवसरमा दुई दिवसीय सचेतना तथा क्षमता विकास कार्यक्रम सन्चालन गर्न रु. १ लाख ५० हजार।
- दैवी नमुना छनौट विधिमा छनौट भएका सहकारी संस्थाहरुको सघन अनुगमन र नियमित अनुगमन गर्ने कार्यका लागि रु. १ लाख।
- सहकारी आधारशिला साझेदारी कार्यक्रम (नेफस्कुन) मार्फत रु. २ लाख ५० हजार,

तुलसी राम रेग्मी
नगर प्रमुख